**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

आठराई गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड २ संख्या ६ मितिः २०७५/०१/२७

**भाग-२**

**आठराई गाउँपालिका**

**तेह्रथुम**

**१ नं. प्रदेश**

## आठराई गाउँपालिकाको युवा क्षमता विकास कार्यक्रम खर्च कार्यविधि, २०७५

## **आठराई गाउँपालिकाको युवा क्षमता विकास कार्यक्रम खर्च कार्यविधि, २०७५**

**प्रस्तावनाः**

यस गाउँपालिकाको सभावाट देशको भविश्यका कर्णधार युवा वर्गहरुको शारिरिक, मानसिक, बौद्धिक विकासका क्षेत्रमा काम गर्दै उनिहरुको चौतर्फी विकासमा ध्यान पुऱ्याउनु, आर्थिक कठिनाइका कारण सिपमुलक प्रविधीहरुको उपयोग गरि आय आर्जनको क्षेत्रमा लाग्ने अवसरवाट वञ्चीत हुनु, प्रतिभाशाली युवा खेलाडीहरु राम्रो तालिमका अभावमा खेलको समुचित विकास गर्न नसक्नु जस्ता समस्याहरुवाट युवा जगतलाई मुक्त गराउनु र समाजमा हुने गरेका हरेक विकासका कामहरुमा आजका युवा वर्गलाई पनि सँग सँगै जोडेर अगाडी बडनु बाञ्छनिय भएकाले आठराई गाउँ कार्यपालिकाबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी **आठराई गाउँपालिकाको युवा क्षमता विकास कार्यक्रम खर्च कार्यविधि, २०७५** तर्जुमा गरी लागु गरिएको छ ।

### **परिच्छेद-१**

### **प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

क. यस कार्यविधिको नाम **आठराई गाउँपालिकाको युवा क्षमता विकास कार्यक्रम खर्च कार्यविधि, २०७५** रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :-**

क."युवा क्षमता विकास कार्यक्रम" भन्नाले आठराई गाउँपालिका भीत्रका युवाहरुको शारिरिक, मानसिक, बौद्धिक बिकासका साथै प्रतिभाशाली युवाहरुको प्रतिभामा थप सहयोग पुऱ्याउने उदेस्यले गाउँ कार्यपालिकाको गाउँसभा वाट तय गरिएको युवा क्षमता विकास कार्यक्रमलाई सम्झनुपर्छ ।

ख. "युवा" भन्नाले १६ बर्ष उमेर पुरा भई ४० बर्ष उमेर पुरा नगरेको युवा वर्गको समुदायलाई सम्झनु पर्छ ।

ग. "कार्यविधि" भन्नाले **आठराई गाउँपालिकाको युवा क्षमता विकास कार्यक्रम खर्च कार्यविधि, २०७५** सम्झनुपर्छ ।

घ. "गाउँपालिका, गाउँ कार्यपालिका र गाउँ सभा" भन्नाले तोकिएको अवस्थामा वाहेक आठराई गाउँपालिका, आठराई गाउँ कार्यपालिका र गाउँ सभा सम्झनुपर्छ ।

ङ. "स्थानीय तह" भन्नाले गाउँपालिका र सो मातहतको निकाय सम्झनुपर्छ ।

च. "सार्वजनिक सुनुवाई" भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय निकायका पदाधिकारीहरू बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनुपर्छ।

**३. कार्यविधिको उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजम हुनेछ :

क. आठराई गाउँपालिका भीत्रका युवाहरुको शारिरिक, मानसिक र बौद्धिक बिकासमा सहयोग पुऱ्याउनु ।

ख. प्रतिभाशाली युवाहरुको प्रतिभा विकासमा आर्थिक कठिनाइका कारण हुने व्यवधानहरुमा कमी ल्याउनु ।

ग. विकासका हरेक गतिविधीहरुमा युवा वर्गलाई सँग सँगै जोडेर अगाडी वडनु ।

घ. व्यवसायको माध्यमवाट स्थानिय स्तरमा नै रोजगारी सृजना गर्नु ।

### **परिच्छेद-२**

**(४) युवा क्षमता विकास कार्यक्रम सम्बन्धि व्यवस्था**

(१) युवा क्षमता विकास कार्यक्रम युवाहरुको चौतर्फी क्षमता अभिवृद्धि सँग सम्वन्धीत हुने भएकोले कुनै पनि युवालाई सिप विकास वा प्रविधी हस्तान्तरण वा तालिममा सहभागीताको लागी आर्थिक सहयोग गर्नु पर्ने भएमा तोकिएको मापदण्ढ पुरा भएका युवाहरुले गाउँ पालिकामा आवेदन गर्नु पर्नेछ । यसरी प्राप्त आवेदन उपर कार्यपालिकाले आवस्यक जाँचवुझ गरि सहयोग गर्न मनासिव देखिएमा सहयोग गर्ने निर्णय गर्नेछ ।

**(५) युवा क्षमता विकास कार्यक्रम सम्बन्धी मापदण्ढ :-** युवा क्षमता विकास कार्यक्रमको मापदण्ढ देहाय बमोजिम हुनेछ ।

(क) युवा क्षमता विकास कार्यक्रममा आवेदन गर्ने आवेदक १६ बर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको हुनु पर्नेछ ।

(ख) आवेदकले सिप वा प्रविधी सँग सम्बन्धीत व्यवसाय वा प्रविधिको वारेमा सहयोग लिन चाहेमा मान्यता प्राप्त निकायवाट वितरित प्रमाण-पत्र र जोखिम मुक्त कार्ययोजना पेश गर्नु पर्नेछ ।

(ग) यस कोषवाट आर्थिक सहयोग प्राप्त गरि तालिम वा सिप अभिवृद्धि गर्न चाहाने युवा खेलाडीहरुले विभिन्न प्रतियोगीतामा सहभागी भएको प्रमाण पेश गर्नु पर्नेछ ।

(घ) रोजगारमुलक सिपका लागी आधारभुत सिप सिक्न चाहाने युवाहरुलाई सिपका अतिरिक्त प्रविधी पनि हस्तान्तरण गर्न सकिनेछ ।

(ङ) यस कार्यक्रम वाट सामुहिक रुपमा सहयोग लिन चाहाने खेलकुद क्लवहरु वा सामुहिक व्यवसायहरु दर्ता भएको हुनुपर्नेछ ।

**परिच्छेद–३**

# आर्थिक तथा प्रशासनिक व्यवस्था

## ९. कार्यक्रमको वित्तिय व्यवस्थापन

(१) कार्यक्रममा देहायका रकमहरु रहने छन्:

क) गाउँसभा बाट युवा क्षमता विकास कार्यक्रमका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) अन्य स्थानीय तह बाट प्राप्त हुने रकम ,

ग) दातृ निकाय परियोजना गैर सरसरकारी संस्था बाट प्राप्त हुने रकम,

घ) संघिय सरकार, प्रदेश सरकार बाट प्राप्त अनुदान सहयोग हुने रकम ।

## बर्जित गरिएको वारे :

कार्यक्रमवाट जुन प्रयोजनका लागि रकम वुझेको हो सो प्रयोजन बाहेक अन्य कार्यमा रकम खर्च गर्न वर्जित गरिएको छ ।

## प्रशासनिक व्यवस्था :

कार्यक्रकको प्रशासनिक तथा आर्थिक कारोवार गाउँ कार्यपालिकाको कर्मचारीहरुबाट नै संचालन गरिनेछ ।

**परिच्छेद-४**

**सुपरिवेक्षण तथा अनुगमन**

**५. सुपरिवेक्षण तथा अनुगमन देहाय वमोजिम हुनेछ**

(क) सेवाग्राही वा लाभग्राहीले जुन प्रयोजनका लागी सेवा वा लाभ प्राप्त गरेको हो त्यही प्रयोजनमा काम गरे वा नगरेको प्रमुख प्रसाशकिय अधिकृत वा निजले तोकेको प्रतिनिधीले अनुगमन गर्नेछ । यसरी अनुगमन गर्दा सेवाग्राही वा लाभग्राहीले त्रुटी गरेको पाइएमा सेवा वापत प्राप्त गरेको नगद वा जिन्सी फिर्ता गर्नु पर्नेछ ।

परिच्छेद-४

**विविध**

**६.बाधा अड्काउ फुकाउने** :- यस कार्यविधिमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**७.खारेजी र बचाऊ :**

(क) संघीय एवम प्रादेशिक कानून बमोजिम यस कार्यविधि वाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।